# कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम

स्नातकोत्तर तह द्वितीय वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको
आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको

## शोधपत्र

शोधकर्ता
पुरुषोत्तम कोइराला
परीक्षा रोल नं. २८२७२०/२०६७
त्रि.वि. दर्ता नं. ५७०९२–८८

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
कीर्तिपुर, काठमाडौं
२०७०

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**कीर्तिपुर काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौंमा स्नातकोत्तर तह दोश्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री पुरुषोत्तम कोइरालाले मेरो प्रत्यक्ष निर्देशनमा रही **कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम** शीर्षकमा शोधपत्र तयार गर्नु भएकोले उहाँको शोध लेखन कार्यमा म पूर्ण सन्तुष्ट छु । त्यसैले उक्त शोधपत्रलाई आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...........................

उप-प्रा.रविन्द्र सिवाकोटी

मिति :– 11 June 2013 (शोध-निर्देशक)

## त्रिभुवन विश्वविद्यालय
## शिक्षाशास्त्र संकाय
## पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
## कीर्तिपुर काठमाडौं

### स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौंमा स्नातकोत्तर तह दोश्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री पुरुषोत्तम कोइरालाले **कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम** शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिको लागि सिफारिस भई आएकोले यो शोधपत्रलाई यस मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

**हस्ताक्षर**

प्रा. स्वयं प्रकाश ज. ब. रा. ...........................
(विभागीय प्रमुख)

उप प्राध्यापक रविन्द्र सिवाकोटी ...........................
(शोध निर्देशक)

प्रा. कुल नर सिंह श्रेष्ठ. ...........................
(वाह्य परीक्षक)

मिति :– 15 July 2013

# कृतज्ञता ज्ञापन

"कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम" शीर्षकको शेधपत्रको प्रश्तावना लेखन कार्य देखि प्रतिवेदन लेखन कार्यसम्म आफ्नो अमुल्य सहयोग, सल्लाह, सुझाव एवं निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु उप-प्राध्यापक श्री रविन्द्र सिवाकोटीज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी खोज अनुसन्धानमा प्रेरणा जगाउने तथा अनुसन्धान गर्न अवसर प्रदान गर्नुहुने शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख प्रा. स्वयं प्रकाश ज.ब.रा.ज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी अध्ययनका लागि महत्वपूर्ण सूचना संकलनमा सहयोग पुऱ्याउनु हुने श्री बाल प्रकाश माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । अन्तर्वार्तामा सहभागी भएर महत्वपूर्ण सूचना दिई सहयोग गर्नुहुने शिक्षिका लक्ष्मी थापा, मीना के.सी. र अनिता तामाङ शिक्षक राजन कार्की र दुर्गा बहादुर शाहलाई हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । स्नातकोत्तर तह अध्ययनको लागि प्रेरणा र हौसला दिई सहयोग गर्ने श्रीमती ललिता आचार्य (कोइराला) र दिदी भवानी आचार्यज्यू प्रति आभार व्यक्त गर्न चाहन्छु ।

शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष-परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा धन्यवाद दिंदै प्रतिवेदन टंकनमा आवश्यक सहयोग पुऱ्याउनु हुने साथी दुर्गा बहादुर शाह प्रति हार्दिक आभार प्रकट गर्दछु साथै शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभागका सम्पूर्ण परिवार तथा शोधपत्र मूल्याङ्कन समितिका वाह्य परीक्षक प्रा. कुल नर सिंह श्रेष्ठज्यूलाई हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु ।

पुरुषोत्तम कोइराला

२०७०

# शोध-सार


विद्यार्थीहरुले शिक्षक तथा अन्यको सहयोग विना नै अन्जानमा विभिन्न कुराहरु सिकिरहेका हुन्छन् । अज्ञात रुपमै विद्यार्थीहरुले परम्परागत लैङ्गिक व्यवहार, काम, मूल्य सिकिरहेका हुन्छन् । अज्ञात रुपमा नै सिक्ने सिकाउने प्रक्रिया चलिरहेको हुन्छ । अन्जानमा नै विद्यार्थीहरुले सिकेका सिकाइ र सिकाइ प्रक्रियालाई अदृश्य पाठ्यक्रम भनिन्छ । विद्यालयमा सिकिने सिकाइ औपचारिक र अदृश्य पाठ्यक्रमको समग्र स्वरुप हो । Benson ले प्रत्येक शैक्षिक संस्थाद्वारा प्रस्तुत गरिएको शैक्षिक कार्यक्रममा अदृश्य पाठ्यक्रम रहने दावी गरेका छन् । विद्यार्थीहरुले अनपेक्षित रुपमा सिकेका कुरालाई अदृश्य पाठ्यक्रम भनिन्छ ।

कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम शीर्षकमा आधारित रहेर गरिएको यस अनुसन्धानले प्राथमिक विद्यालयका कक्षाकोठाभित्र र बाहिर विद्यार्थीहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरु पहिचान गर्ने, यसले औपचारिक पाठ्यक्रममा पारेको प्रभावको विश्लेषण गर्ने र अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु पहिचान गर्ने  तीन वटा उद्देश्य लिएको थियो । गुणात्मक अनुसन्धानको विधि प्रयोग गरी अध्ययन गरिएको यस अनुसन्धानको सूचना संकलनका साधनहरु अवलोकन, अन्तर्वार्ता, लक्षित समूह छलफल र दस्तावेज तथा अभिलेख अध्ययनहरु थिए भने तथ्याङ्कका स्रोतमा विद्यालय, विद्यालय परिसर, शिक्षक, विद्यार्थी, पत्रपत्रिका, पुस्तक, सम्बन्धित साहित्यहरु र दस्तावेज तथा अभिलेखहरु थिए । काभ्रे जिल्लाको कलाँती भूमिडाँडा गाउँ विकास समितिमा रहेको एक मात्र माध्यमिक विद्यालय श्री बाल प्रकाश माध्यमिक विद्यालयलाई नमूना विद्यालयको रुपमा छनौट गरी उक्त विद्यालयका ५ जना शिक्षक र ७ जना विद्यार्थीहरुलाई नमूना जनसंख्याको रुपमा छनौट गरिएको थियो । प्राथमिक तहमा आधारित भएर कक्षाकोठा तथा विद्यालय परिसरको अवलोकन, शिक्षक अन्तर्वार्ता, विद्यार्थीसँग लक्षित समूह छलफल र दस्तावेज तथा अभिलेखहरु अध्ययन गरी प्राप्त सूचनाहरुलाई मनोवैज्ञानिक, दर्शनशास्त्रीय र समाजशास्त्रीय दृष्टिकोणले विश्लेषण गरी अध्ययनलाई विश्वसनियता र वैधता कायम गर्न तथ्याङ्क, सिद्धान्त र विधि प्रमाणीकरण गरिएको थियो ।

बालबालिकाले विद्यालयको वार्षिक कार्यतालिकाबाट योजना बनाउन, योजनामा के गर्ने, कहिले गर्ने जस्ताकुराहरु सिकेको, विदामा के गर्ने, कहाँ जाने जस्ता योजना बनाई आफ्ना चाहनाहरुलाई पूरा गर्न, अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रमबाट समूह निमार्ण गर्न, सहपाठी खोज्न, समूहमा मिलेर वस्न, समूहमा मिलेर कार्य गर्न, प्रतिशपर्धा गर्न, अनुशासनमा रहन, हार र जितलाई स्वीकार गर्न, आफ्ना चाहना पूरा गर्न सिकेको पाइयो। विद्यालयबाट प्राप्त परिचय पुस्तिकाले उनीहरुलाई विद्यालय प्रति माया जगाउन, गौरव गर्न, अपनत्वको भावना जगाउन सिकाएको देखियो । विद्यालयबाट प्रकाशन हुने भित्ते पत्रिकाले कथा,कविता,चुट्किला, चित्र वनाउने जस्ता सिर्जनशीलता सिकाइ भएको पाइयो । खेलकुद,अतिरिक्त क्रियाकलाप, भित्तेपत्रिका जस्ता कुराले बालबालिकाहरुको शारीरिक, मानसिक र संवेगात्मक विकासमा सहयोग पुऱ्याएको देखिन्छ । विद्यालयको भीडयूक्त वातावरणबाट मिलेर वस्न,

मिलेर खेल्न, नेतृत्वको विकास गर्न, नेतृत्व लिन र दिन, शिक्षकको उपस्थितिमा आज्ञाकारी र अनुशासित हुन, चुपचाप बस्न, मीठो बोल्न सिकेको, गुरुको माया र प्रशंसामा इमान्दार, बफादार, कर्तव्यनिष्ठ, आज्ञाकारी बन्न सिकेको देखियो तर शक्ति र प्रशंसाको वातावरणमा सिकेका व्यवहारहरु अस्थायी प्रकृतिको रहेको र यसले वास्तविक जीवनमा परिवर्तन ल्याउन नसकेको भेटियो ।

विद्यालय तथा विद्यालय परिसरको वातावरण तथा शिक्षक तथा कर्मचारीको व्यवहारबाट सहानुभूति दिन, सहयोग गर्न, दुःखमा साथ दिन, आदर र सम्मान गर्न,अरुलाई खुशी पार्न, खुशी हुन, दुःख विर्सन, अरुको नक्कल गर्न, प्रशंसा गर्न, समूहमा समायोजन हुन सिकेको पाइयो। शिक्षकलाई नै ज्ञानको स्रोत र शक्तिशाली मान्ने, शक्तिशालीको सम्मान गर्ने, बलियाको पछि लाग्ने, कमजोरलाई हेप्ने जस्ता सामाजिक संस्कारको विकास भएको देखियो ।

विद्यालय परिसरसँग रहेको भालेश्वर मन्दिरमा अनावश्यक केटा केटी जम्मा हुने चुरोट खाने, गाजाँ खाने, अश्लिलता प्रदर्शन गर्ने, केटाकेटी जिस्कने जस्ता दृश्यले उनीहरुको कलिलो दिमागमा नकारात्मक असर पर्नुको साथै चुरोट, गाजाँ खान समेत सिकेको पाइयो । विद्यालयमा गरिने सांस्कृतिक तथा धार्मिक कार्यक्रममा सामाजिक  एवं धार्मिक मूल्य मान्यतालाई स्वीकार गर्न, अवलम्वन गर्न, कुरीतिहरु हटाउन, समाजमा मिलेर बस्न, सामाजिकीकरण गर्न, आफूलाई भन्दा समाजलाई महत्व दिन, विभिन्न भेषभुषा, चालचलन, संस्कार, धर्म रहन सहन प्रति सचेत र जिज्ञासु भएको भेटियो ।

अदृश्य पाठ्यक्रमले पाठ्यक्रमका तत्व, उद्देश्यका स्रोत, पाठ्यक्रम विकासका आधार, पाठ्यक्रममा प्रभाव पार्ने तत्व र पाठ्यक्रम कार्यान्वयनमा सकारात्मक तथा नकारात्मक दुबै प्रभाव पार्ने कुरा शिक्षक अन्तर्वार्ताबाट भेटियो । साथै अदृश्य पाठ्यक्रम औपचारिक पाठ्यक्रमको मेरुदण्ड भएकोले पाठ्यक्रमको विकास, निर्माण र कार्यान्वयनमा अदृश्य पाठ्यक्रमको भूमिकालाई अवलम्वन गर्नु पर्ने कुरा अन्तर्वार्ताबाट पाइएको छ ।

अदृश्य पाठ्यक्रम औपचारिक पाठ्यक्रमको मेरुदण्ड हो । पाठ्यक्रमको परिवर्तनसँग अदृश्य पाठ्यक्रममा पनि परिवर्तन हुनु जरुरी छ । पाठ्यक्रम परिवर्तनले विद्यालय, शिक्षकको कार्यशैली र विद्यार्थीको सिकाइशैलीमा समेत परिवर्तन गर्न सक्नु पर्दछ अन्यथा शिक्षामा सुधार आउन सक्दैन । हामीले हाम्रा विद्यालयमा कलिला बालबालिकाहरुलाई शान्तिको होइन विद्रोहको पाठ सिकायौं, मानव जन्मायौं तर मानवता जन्माउन सकेनौं, शिक्षा दियौं तर विद्या दिन सकेनौं, व्यवहार सिकायौं तर व्यवहारिक बनाउन सकेनौं, नैतिकता सिकायौं तर नैतिकवान बनाउन सकेनौं, चरित्र सिकायौं तर चरित्रवान बनाउन सकेनौं । यसको परिणामले हाम्रो शिक्षा सैद्धान्तिक ज्ञानमा सीमित रहन पुग्यो । व्यवहारिकतामा उर्तान सकिएन । यहि अदृश्य प्रभाव बालबालिकामा पर्दै गयो र समाज रुपान्तरण गर्न सकिएन । सामाजिक रुपान्तरणको लागि अदृश्य पाठ्यक्रममा रुपान्तरण गर्नु आजको आवश्यकता हो ।

# विषयसूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | II |
| स्वीकृति पत्र | | III |
| कृतज्ञता पत्र | | IV |
| शोधसार | | V |
| विषय सूची | | VII |
| **परिच्छेद : एक** | **परिचय** | **१-८** |
| १.१ पृष्ठभूमि | | १ |
| १.२ समस्याको कथन | | ५ |
| १.३ अध्ययनको उद्देश्य | | ६ |
| १.४ अध्ययनको औचित्य | | ६ |
| १.५ अध्ययनका सीमाहरु | | ७ |
| १.६ अध्ययनको सीमाङ्कन | | ७ |
| १.७ कार्यात्मक पारिभाषिक शब्दहरु | | ८ |
| **परिच्छेद : दुई** | **सम्बन्धित साहित्यको समीक्षा** | **९-२१** |
| २.१ अध्ययनको सैद्धान्तिक ढाँचा | | ९ |
| २.२ सम्बन्धित अध्ययनहरुको समीक्षा | | १५ |
| २.३ अवधारणात्मक ढाँचा | | १९ |
| **परिच्छेद : तीन** | **अध्ययन विधि** | **२२-२७** |
| ३.१ अध्ययनको ढाँचा | | २२ |
| ३.२ अध्ययनको जनसंख्या | | २३ |
| ३.३ नमूना छनौट | | २३ |
| ३.३.१ अध्ययन क्षेत्रको निर्धारण | | २४ |
| ३.३.२ विद्यालय छनौट | | २४ |
| ३.३.३ तह र कक्षा छनौट | | २४ |
| ३.३.४ शिक्षक र विद्यार्थी छनौट | | २४ |
| ३.४ तथ्याङ्क संकलनका साधन | | २५ |

| | | |
|---|---|---|
| | ३.४.१ अवलोकन | २५ |
| | ३.४.२ अन्तर्वार्ता | २५ |
| | ३.४.३ लक्षित समूह छलफल | २६ |
| | ३.४.४ दस्तावेज तथा अभिलेख अध्ययन | २६ |
| ३.५ | तथ्याङ्क संकलन प्रक्रिया | २६ |
| ३.६ | प्रमाणीकरण | २७ |
| ३.७ | तथ्याङ्कको व्याख्या एवं विश्लेषण | २७ |
| **परिच्छेद : चार** | **तथ्याङ्क व्याख्या एवं विष्लेषण** | **२८-४९** |
| ४.१ | विद्यार्थीहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरु | २८ |
| | ४.१.१ औपचारिक पाठ्यक्रमको कार्यान्वयन अर्थात प्रयोगमा सिकेका व्यवहारहरु | २८ |
| | ४.१.२ औपचारिक सिकाइको समग्र सिकाइमा सिकेका व्यवहारहरु | २९ |
| | ४.१.३ शिक्षकका व्यवहारबाट सिकेका व्यवहारहरु | ३१ |
| | ४.१.४ वातावरणीय अवस्थाबाट सिकेका व्यवहारहरु | ३५ |
| ४.२ | अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा पारेको प्रभाव | ४१ |
| | ४.२.१ पाठ्यक्रमका तत्व र उद्देश्यका स्रोतहरुमा पारेको प्रभाव | ४२ |
| | ४.२.२ पाठ्यक्रम विकासका आधारमा पारेको प्रभाव | ४४ |
| | ४.२.३ पाठ्यक्रम परिवर्तनमा प्रभाव पार्ने तत्वहरुमा पारेको प्रभाव | ४५ |
| | ४.२.४ पाठ्यक्रम प्रयोगमा पारेको प्रभाव | ४६ |
| ४.३ | अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु | ४८ |
| **परिच्छेद : पाँच** | **प्राप्ति, निश्कर्ष र सुझाव** | **५०-५४** |
| ५.१ | प्राप्ति | ५० |
| ५.२ | निश्कर्ष | ५१ |
| ५.३ | सुझाव | ५३ |
| **सन्दर्भसूची** | | ५५ |
| **अनुसूची** | | ५८-६१ |
| अनुसूची – १ | नमूना जनसङ्ख्या सम्वन्धी विवरण | ५८ |
| अनुसूची – २ | कक्षाकोठाभित्र र विद्यालय परिसरमा अवलोकनका लागि निर्देशिका | ५९ |
| अनुसूची – ३ | शिक्षकहरुसँग अन्तर्वार्ताका लागि सोधिएका प्रश्नहरु | ६० |
| अनुसूची – ४ | विद्यार्थीहरुसँग लक्षित समूह छलफलका लागि निर्देशिका | ६१ |